परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily — राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३३६ पृष्ठ ४ २०८२ असोज ३ गते, शुक्रबार 19 September, 2025 मूल्य रु. ५/- हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## विद्यालयमा जेन-जि आन्दोलनको नाममा अवाञ्छित गतिविधि




टक नेपाल

बर्दिवास नगरपालिका- ९ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्लामा २०८२ असोज १ गते जेन-जि आन्दोलनको बहानामा केही व्यक्तिहरूले विद्यालय परिसरमा प्रवेश गरी अवाञ्छित गतिविधि गरेका छन् ।

विद्यालयले जारी गरेको विज्ञप्तिअनुसार आन्दोलनकारी समूहले विद्यालयमा प्रवेश गरेर प्रधानाध्यापक तथा शिक्षक - कर्मचारीलाई अपमानित गर्ने व्यवहार गरेका थिए । साथै, विद्यालयको वातावरण, सार्वजनिक शान्ति, नैतिकता र शैक्षिक मर्यादामाथि प्रतिकूल असर पार्ने गतिविधि भएको विद्यालय प्रशासनले जनाएको छ ।

यसबाहेक, आन्दोलनका नाममा सामाजिक सञ्जाल (विशेषगरी फेसबुक) मार्फत विद्यालयको शान्त वातावरण बिगार्ने खालका पोस्ट तथा भ्रामक समाचार प्रचार गरिएको विद्यालयले आरोप लगाएको छ । यसलाई विद्यालय परिवारले दुःखद र निन्दनीय कार्य भनेको छ ।

विद्यालयले भ्रामक सूचना र अपमानजनक गतिविधि तत्काल रोक्न सम्बन्धित पक्षलाई आग्रह गर्दै गलत कार्य सच्याई सार्वजनिक माफी माग्न पनि आग्रह गरेको छ । साथै, यस्ता गतिविधि दोहोरिए कानुनी कदम चालिने चेतावनी दिइएको छ ।

नेपाल सरकारको प्रचलित कानुनअनुसार विद्युतीय अपराध ऐन, २०६३ र मुलुकी अपराध संहिता, २०७४ बमोजिम आवश्यक कानुनी कारबाही अगाडि बढाइने विद्यालयले स्पष्ट पारेको छ ।

मुख्यमन्त्री सिंहलाई

## दिगो विकास पार्श्वचित्र बुझायो



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष डा. सोहन साहले "दिगो विकास लक्ष्यमा आधारित मधेश पार्श्वचित्र" प्रतिवेदन बुझाएका छन् ।

बिहीबार आयोगका अनुसार विकासमा जनताको पहुँचलाई प्रभावकारी र सशक्त बनाउन, विकासका गतिविधिहरूको विश्लेषण गर्न तथा विभिन्न सूचक र तथ्याङ्कको आवश्यकता पूरा गर्ने उद्देश्यले उक्त प्रतिवेदन तयार गरिएको हो ।

प्रतिवेदनमा प्रदेश विकासका प्रमुख पक्षलाई समेटिएको जनाइएको छ ।

प्रतिवेदन बुझ्ने क्रममा मुख्यमन्त्री सिंहले यो पार्श्वचित्रले प्रदेश सरकार मात्र नभई विकास निर्माणमा चासो राख्ने सम्पूर्ण सरोकारवालालाई उपयोगी जानकारी उपलब्ध गराउने विश्वास व्यक्त गरे । उनले यसले योजना तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने उल्लेख गरे ।

## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाऔं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गौं।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गौं।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याऔं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाऔं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गौं।
- 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतौं।



भुमिगत जलश्रोत सिचाइ डिभिजन कायाल महोत्ती, मधेश प्रदेश



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### युवा बलिदानी

भदौ २३ र २४ (सेप्टेम्बर ८ र ९) गते नेपालमा जेनजी पुस्ताको आन्दोलनले नयाँ निकासको मार्ग प्रशस्त गरेको छ। २७ घण्टाको आन्दोलनमा व्यापक जनधनको क्षतिले देश तहसनहस भयो। ७३ जना युवालाई आमाबुवाको काखबाट चुँडेर लग्यो। इतिहासमै पहिलो पटक भएको यस किसिमको घटनाले दुई तिहाइको सरकार पनि ढल्यो। यो लोकतन्त्रका हिमायती दाबी गर्नेहरूबाट भएगरिएका गलत कार्यशैलीको परिणाम थियो। नेपाली सेनाको अग्रसरता, संयमता, संवाद शैली र छोटो समयको कठिन अभ्यासले आन्दोलन नियन्त्रणमा आयो। नवयुवाले पवित्र भावनासहित शान्तिपूर्ण उद्देश्यले सुरु गरेको आन्दोलन दुःखान्त घटनामा रूपान्तरण भयो। राष्ट्रको पहिचान झल्काउने धरोहर सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत धेरै संरचना जलेर नष्ट भए। भौतिक संरचनाभन्दा पनि मानवीय क्षतिले हरेक नेपालीको मन रोएको छ। यस्तो विषम परिस्थिति निम्तिनुको मूल कारण 'संवेदनहीन राजनीतिक नेतृत्व' नै हो भन्ने समीक्षा भइरहेको छ। यसलाई इतिहासले संगीन विश्लेषण गर्ने छ।

युवाले थालेको आन्दोलन भ्रष्टाचारविरुद्ध सुशासनका पक्षमा थियो। कुनै दल वा व्यवस्थाको विरोधमा थिएन। देशलाई यति ठुलो मानवीय र भौतिक क्षति गराउने घुसपैठ समूह देशभक्त नभई आन्दोलनलाई अराजक बनाउने राष्ट्रद्रोही समूह थियो। हिंसात्मक आन्दोलनमा जो प्रयोग भएको छ, त्यो नेपाली हुन सक्दैन। कलिला युवाको ज्यान लिएर राष्ट्रको धरोहर नाश गर्ने शक्ति समूहको पहिचान गरी कानुनी दायरामा ल्याउनै पर्छ। युवाले समाजको भावना र समाजले पनि युवा आन्दोलनको अन्तर्य बुझन सक्यो भने अगाडिको यात्रा सुखद हुने छ।

# कमला–बर्दीबास–बागमती सडक स्तरोन्नतिको काम अवरुद्ध

● टक नेपाल

पूर्वपश्चिम राजमार्गअन्तर्गत कमला–बर्दीबास–बागमती सडक स्तरोन्नतिको काम जेनजी आन्दोलनका कारण अवरुद्ध छ। आन्दोलनको आडमा तोडफोड, आगजनी र सुरक्षा चुनौती बढेपछि निर्माण कार्य रोकिएको जनाइएको छ। काम ठप्प हुँदा ३०० बढी कामदार अलपत्र छन्।



विश्व बैंकको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा निर्माणाधीन ७४.७५ किलोमिटर लम्बाइको यो सडक सन् २०२५ जनवरीमा सुरु भई सन ०२७ को जनवरीमा सम्पन्न गर्नुपर्ने भए पनि विभिन्न बाधा–अवरोधले आयोजना प्रभावित हुँदै आएको छ।

आयोजना प्रमुख छविलाल पौडेलका अनुसार हाल सडक खण्डमा पुल र कल्भर्ट निर्माणको काम भइरहेको थियो। अहिलेसम्म १० वटा कलभर्टको निर्माण सम्पन्न भइसकेको छ। १९ पुल र १२ कलभर्ट नर्माण भइरहेको बेला आन्दोलन चर्केपछि कामदारको सुरक्षा र निर्माण उपकरण जोगाउन काम रोक्नु परेको जनाइएको छ।

निर्माणाधीन अधिकांश पुलपुलेसा महोत्तरी र सर्लाहीको जङ्गली क्षेत्रमा पर्छन्। जेनजी आन्दोलन चर्केको मौकापारी निर्माण स्थल आसपासको टुटेश्वर र गढन्ताको साझेदारी वनमा हथियारधारी समुहले वन अध्यक्षलाई नियन्त्रणमा लिई व्यापक फडाँनी गरेको घटनाले पनि ठेकेदार कम्पनीलाई काम रोक्न दबाबमा पारेको हो।

पौडेलका अनुसार आन्दोलनका कारण निर्माण कार्य मात्र नभई प्रशासनिक प्रक्रिया समेत प्रभावित छन्। सडक 'राइट वे' भित्र पर्ने रुख, विद्युत पोल तथा घरटहरा व्यवस्थापनको काम पनि स्थगित छ।

आन्दोलनका कारण कमलादेखि बागमतीसम्मको सडक दायाँबायाँ पर्ने ८ हजार ४५२ वटा रुख हटाउने प्रक्रिया अन्तिम चरणमा पुगेर रोकिएको छ। रुखको गणना, प्रमाणीकरण, नम्बरिङ र टाँचा लगाउने काम सकिएको छ। अब प्रदेश वन निर्देशनालयको अनुगमनपछि डिभिजन वन कार्यालयबाट कटान आदेश जस्ता प्रक्रियागत काममा बाधा पुगेको छ।

यस्तै, सडक विस्तार क्षेत्रमा पर्ने २ हजार २४१ वटा विद्युत् पोलको व्यवस्थापन पनि पछि धकेलिएको छ। सडक क्षेत्राधिकारमा पर्ने २५–२५ मिटरभित्रका घरटहरा हटाउन गठित ३ सदस्यीय समितिले २ साताभित्र प्रतिवेदन बुझाउनु पर्ने ' थियो। आन्दोलनले यो प्रक्रिया पनि प्रभावित भएको गौरीडाँडास्थित आयोजनाको कार्यालयले जनाएको छ।

विभिन्न बाधा व्यवधानका कारण समय सीमाभित्र सडक निर्माण सकिने सम्भावना चुनौतीपूर्ण बन्दै गएको पौडेलले जनाउनुभयो। उहाँले भन्नुभयो "अवस्था सहज हुँदै गएकोले काम सुचारु गर्ने प्रयास भइरहेको छ। तथापि एकपटक रोकिएको काम पुनः सुचारु गर्न तयारी र व्यवस्थापनमा समय त लाग्छनै।'

# रौतहटमा सुशासन प्रवर्द्धन र नियन्त्रणका लागि १९ बुँदे निर्णय

● टक नेपाल

जिल्ला प्रशासन कार्यालय रौतहटले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि १९ बुँदे निर्णय गरेको छ।

बिहीबार प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काको अध्यक्षतामा जिल्लास्थित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थितिमा बसेको बैठकले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि १९ बुँदे निर्णय गरेको हो।

बैठकले सुशासनमा हाम्रो प्रतिबद्धता, भ्रष्टाचार विरुद्ध हाम्रो कटिबद्धता अभियानलाई प्रभावकारी बनाउन विभिन्न ठोस कदम चाल्ने सहमति गरेको छ।

अबदेखि कार्यालय बाहिर वा जिल्लाबाहिर काम गर्ने क्रममा सरकारी इन्धन, सवारी साधन वा अन्य सुविधा व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

व्यक्तिगत प्रयोजनका लागि खर्च भएको बिल बुझाइने र भुक्तानी गरिने प्रथालाई पूर्णरूपमा रोक लगाइएको छ।त्यस्तै हरेक कार्यालयले मासिक, त्रैमासिक र वार्षिक आय–व्यय विवरण अनिवार्य रूपमा वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ।

सबै पालिकाले अघिल्लो वर्षको आय–व्यय विवरण, चालु वर्षको बजेट विवरण र खर्चको स्थिति समेत सार्वजनिक गर्ने व्यवस्था गरिएको छ।

आर्थिक प्रशासन, योजना, शिक्षा, स्वास्थ्यलगायतका शाखाहरूले आ–आफ्ना आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउनुपर्ने निर्णय बैठकले गरेको छ।

कुनै पनि आयोजना वा योजनामा हुने खर्च, कर, दस्तुर, दान, अनुदान वा अन्य आर्थिक सहायता सम्बन्धी विवरण समयमै सार्वजनिक नगरेसम्म कुनै पनि भुक्तानी वा निकासा नहुने चेतावनीसमेत दिइएको छ।

योजना, प्रशासन र लेखा शाखाका प्रमुखहरूले पाउने भत्ता, सुविधा वा आर्थिक सहायता अब कार्यसम्पादनसँग प्रत्यक्ष जोडिने गरी निर्धारण गरिने भएको छ।

नागरिकलाई सजिलो हुने गरी प्रत्येक तहका कार्यालय प्रमुखले पारदर्शी ढङ्गले विवरण सार्वजनिक गर्नुपर्ने र सेवाग्राहीलाई गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्ने प्रतिबद्धता समेत गरिएको छ।

यससँगै सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रण अभियानलाई अझ प्रभावकारी बनाउन जिल्ला स्तरदेखि पालिका तहसम्म निगरानी समिति गठन गर्ने सहमति समेत भएको छ।

बैठकमा सीडीओ खड्कासँगै नेपाल प्रहरीका प्रहरी उपरीक्षक(एसपी) नेत्र मणि गिरी, सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारी, जिल्लाका १८ वटै स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतलगायतको सहभागिता रहेको थियो।









# 'समाजको तीव्र असन्तुष्टि जेनजी विद्रोहमार्फत विस्फोट भयो'

टक नेपाल



भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले नेपालको राजनीतिक परिदृश्य फेरिएको छ । सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ भने फागुन २१ गतेलाई प्रतिनिधिसभा चुनाव तोकिएको छ ।

आन्दोलनका क्रममा कम्तीमा ७२ जनाले ज्यान गुमाए भने थुप्रै सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी तथा तोडफोड भयो । जेनजी विद्रोहले राजनीतिक दलहरुलाई सच्चिन जबर्जस्त सन्देश दिएको छ। फेरिएको परिस्थितिसँगै राजनीतिक दलहरुभित्र नेतृत्व परिवर्तन र पार्टी रुपान्तरणको विषय उठ्न थालेको छ।

नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले युवाहरूले शान्तिपूर्ण गरेको आन्दोलनमा ताकी-ताकी गोली हान्नु गलत र अत्यन्त दुःखद् भएको बताएका छन् । साथै, देशको सम्पत्तिमाथि विश्वंश मच्चाउने व्यक्ति, संगठन वा बाहिरी शक्तिहरू को-को छन् तथ्यको आधारमा पत्ता लगाउन उनले सरकारसँग माग गरेका छन् । ज्ञवालीले समाजको मनोविज्ञान सरकारले समयमै नबुझ्दा देशलाई ठुलो क्षति पुगेको जिकिर गरे ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेलले जेनजी आन्दोलनलाई दबाएरै हल गर्छु भन्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सर्वसत्तावाद र उनलाई साथ दिने कांग्रेससहितको गठबन्धनका कारण प्रदर्शन जनविद्रोहमा बदलिएको बताए ।

जेनजी आन्दोलन, सरकारको कमजोरी र अबको निकासबारे ज्ञवाली र पोखरेलले रातोपाटीसँग व्यक्त गरेको विचारको सम्पादित अंश :

युवराज ज्ञवाली

जेनजी पुस्ताले गरेको आन्दोलनले देशमा राजनीतिक परिस्थिति फेरिएको छ । त्यो आन्दोलनमा घुसपैठ गरेर विभिन्न गलत तत्वहरूले देशलाई जलाएर खरानी बनाएको अवस्था छ । यो सरकारले ६ महिनाभित्र चुनाव गर्ने र जननिर्वाचित सरकारलाई हस्तान्तरण गर्ने जिम्मा पाएको छ ।

पहिलो कुरा तोकिएकै मितिमा चुनाव हुनुपर्छ । यसमा तलमाथि गर्न हुँदैन । जुनसुकै कारणले भएपनि अन्तरिम सरकार आएको छ । फागुन २१ गते जसरी पनि चुनाव गराउनु नै हो । चुनाव गराउन सबैले सघाउनुपर्छ ।

आन्दोलनको सन्दर्भमा जेनजी, जो नवयुवाहरुको आन्दोलन हो । कुनै एउटा पार्टी वा संगठनको मात्रै कुरा होइन यो । आम युवाहरूको आवश्यकताको आधारमा आन्दोलन भएको हो । सुशासनको कुरा उठाइराखेका छन्, त्यो एकदमै जायज कुरा हो । भ्रष्टाचार देशमा बढेकै छ । त्यसलाई अनिवार्य अन्त्य गर्नैपर्छ ।

भ्रष्टाचार नेपाली जनताको शत्रु हो । त्यसकारण यो जेनजीको मात्र होइन, हामी सबैको हो । बारम्बार यसबारेमा हामीले कुरा उठाउँदै आएका छौं । उनीहरूको जायज मागलाई मान्न सकिन्छ ।

जहाँसम्म प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको विषयमा संविधान संशोधनको कुरा छ । त्यसमा संविधान निर्माण गर्ने बेलामा पनि विभिन्न राजनीतिक पार्टीहरूले 'नोट अफ डिसेन्ट' राखेका छन् । यो माग जेनजीको मात्रै होइन, दलहरुले पनि उठाइरहेका छन् । त्यसका लागि पहिला चुनाव हुनुपर्‍यो । जननिर्वाचित संसदको दुई तिहाइबाट संविधान संशोधन गर्ने व्यवस्था संविधानमा गरिएको छ ।

आन्दोलनमा जेनजी युवाहरुको निधन भएको छ, यो अत्यन्त दुःखद कुरा हो । त्यो नहुनुपर्थ्यो, त्यसमा सुरक्षा निकायको कमजोरी देखिएको स्वतः सिद्ध छ । युवाहरूले शान्तिपूर्ण गरेको आन्दोलनमा ताकी-ताकी गोली हान्नु गलत हो ।

अहिले जुनरुपमा सार्वजनिक र निजी सम्पत्तिको क्षति भएको छ, त्यसको छानबिन गर्नुपर्छ । आयोग बनेको पनि छ, त्यसले विध्वंश मच्चाउने व्यक्ति, संगठन को हो, बाहिरी शक्तिको हात छ भने को हो तथ्यको आधारमा पत्ता लगाउनुपर्‍यो । दोषीलाई दण्डित गर्नुपर्‍यो ।

यो पनि

जेनजीले निश्चित माग राखेर गरेको आन्दोलन जायज छ । जहाँसम्म सामाजिक सञ्जाल विभिन्न परिस्थिति हेरेर नियमन गर्नु आवश्यक छ । तर सिंगो समाजको मनोविज्ञान के छ भनेर पनि ख्याल गर्नुपर्थ्यो । जेनजीले मात्र यति ठुलो विद्रोह गरेको होइन, त्यसभित्र विभिन्न तत्वहरू लागेका छन् । त्यो भन्दा पनि गम्भीर ध्यान दिनुपर्ने कुरा समाजमा तीव्र असन्तुष्टि रहेछ भन्ने यसले पुष्टि गर्छ । यो असन्तुष्टि देशव्यापी छ । त्यो अहिले विस्फोट भएको हो ।

विभिन्न कारणले समाजमा असन्तुष्टि बढिरहेको थियो । त्यो जेनजीको आन्दोलनमा विस्फोट भयो । विस्फोट हुँदा गलत तत्वले पनि फाइदा उठाए । जनअसन्तुष्टिलाई हामीले पहिल्यै बुझ्नुपर्ने आवश्यकता थियो । यसलाई कसरी साम्य पार्ने भन्ने विषयमा समयमै बुझ्न नसक्नु हाम्रो कमजोरी रह्यो ।

गिरिराजमणि पोखरेल

भदौ २३ गते जेनजी पुस्ताले सामाजिक सञ्जालमाथि सरकारले लगाएको रोक, भ्रष्टाचार र बेथितिविरुद्ध शान्तिपूर्ण प्रदर्शन गरे । लामो समयदेखि नेपाली राज्य व्यवस्थामा जुन ढंगले भ्रष्टाचारलाई संरक्षण गर्ने काम गरिएको छ, प्रचण्डजीको १८ महिने सरकारको बेलामा नारायणकाजी गृहमन्त्री हुँदा सुशासनको पक्षमा एक ढङ्गले अगाडि बढ्यो । त्यही आवाजलाई दबाउन केपीजीको नेतृत्वमा शेरबहादुरजीहरू मिलेर एमाले-कांग्रेसको सरकार बन्यो ।

ओली सरकारको १४ महिनामा भ्रष्टहरूलाई संरक्षण गर्ने, विरोधीहरूलाई दुःख दिने काम भयो । प्रचण्ड सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा अगाडि जान खोजिरहेको थियो । त्यसविपरीत गतिविधि गर्नुभएको छ । जेनजी प्रदर्शनले यो मुद्दालाई पनि जोड्यो । महत्वपूर्ण पक्ष एउटा स्थिर खालको सरकार नभईकन सुशासन प्रत्याभूत हुन सक्दैन । अहिलेकै शासकीय प्रबन्धबाट पनि यो सम्भव छैन भन्ने सन्देश पनि उनीहरूले दिए ।

परिवारवादको विरुद्धमा पनि उनीहरूको आवाज हुन् । सामाजिक सञ्जालको विरोधमा भएपनि सबै कुरा गाँसिएको कारणले नै त्यो एउटा शान्तिपूर्ण प्रदर्शन अलि सशक्त ढङ्गले आयो ।

सुरक्षा निकायकै तथ्यांकलाई लिने हो भने पनि १२ हजार विद्यार्थी समेत कार्यक्रममा आएका थिए । जनस्तर र मिडियाबाट आएको कोणबाट हेर्दा संख्या त्योभन्दा अझै ठुलो थियो । विद्यार्थी र युवाहरूको जो प्रदर्शन छ, नेपालका हरेक कालखण्डमा हुने गरेकै छन् । प्रणालीको सुधार, विकृति-विसंगति अन्त्य गर्न युवाहरुले आवाज उठाउँदा सरकारले गोली हान्नु गलत हो ।

यो आन्दोलनलाई दबाएरै हल गर्छु भन्ने तत्कालीन प्रधानमन्त्री केपी ओलीको सर्वसत्तावाद र उनलाई साथ दिने कांग्रेसका कारण यो घटना हुन पुग्यो ।

उनीहरुले गरेको सातबुँदे सहमतिमा संविधान संशोधन कुरा राखे, तर काममा अराजकता, दमन, भ्रष्टाचारलाई बढावा दिन देखियो । यिनै कारण युवामा आक्रोश पैदा भयो र भदौ २३ मा यो जनविद्रोहको रुपमा प्रस्फुटित भयो । यसलाई म युवा विद्रोह भन्छु ।

गृहमन्त्री (रमेश लेखक)ले राजीनामा दिँदाखेरि पनि राजीनामा दिनुपर्दैनथ्यो भन्ने प्रधानमन्त्रीले ती थुप्रै विध्वंसात्मक गतिविधि भएपछि मात्रै राजीनामा दिन पुगे । वास्तवमा सिंहदरबार, सर्वोच्च अदालत, संसद, राष्ट्र बैंक, महान्यायाधिवक्ता कार्यालयजस्ता सरकारी संरचना, हाम्रा सम्पदा, धरोहर सरकारले बचाउन सकेन । ती सबै विनाशको प्रक्रियामा गइसकेपछि तत्कालीन प्रधानमन्त्री ओलीले राजीनामा दिए ।

राजीनामापछिको परिवेश जुन ढङ्गले आयो, अब जेनजीहरूसँग गरिएका संवादमा मुलुकलाई एउटा अग्रगामी दिशामा लैजानुपर्छ ।

आन्दोलनका क्रममा पूर्वराजावादीहरूसँग साँठगाँठ गर्ने जस्ता थुप्रै गतिविधि पनि देखिए । त्यतिखेर प्रहरी आफ्नो हतियार र कार्यालय सुरक्षामा मात्रै लाग्यो । जनताको जनधनको सेवा सुरक्षामा लागेन । पार्टी कार्यालयहरू जलिरहे, मिडिया हाउसहरू जलिरहे, व्यावसायिक प्रतिष्ठानहरू जलिरहे, नेताहरूका घरमा आक्रमण भइरह्यो । यस्तो अराजकता, एउटा यस्तो विध्वंसात्मकतातिर मुलुक गयो । समयमै सुशासनप्रति प्रतिबद्ध भएको सरकार र युवा विद्यार्थीले उठाएको कुरा हाम्रो प्रणालीमा सुधारको कुरा हो भनेर थोरै बुझेको भए यो स्थिति हुँदैनथ्यो । जे भयो, यो संविधानबाट अलिकति एउटा धारामा टेकेर अन्तरिम सरकार बनेको छ ।

पहिले हामी प्रतिपक्षी दलको कोणबाट भदौ २३ गते नै सहिद घोषणा गर्न, परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, राज्य कोणबाट राज्यहरूको उपचार गोली चलाउने दोषीहरूलाई कारबाहीजस्ता कुरा उठाएका थियौं । भोलिपल्ट संसद्मा रहेका प्रतिपक्षीहरूको सिंहदरबारमा भएको बैठकपछि सबै नेतालाई सेनाले सुरक्षा दिएर निगरानीमा राख्यो । हामीले त्यतिखेर जेनजीसँग वार्ता गरेर समस्या समाधान गर्नुपर्छ । त्यो समस्या समाधान गर्दाखेरि जे सम्झौता हुन्छ, संसद्बाट हामी त्यो समस्यालाई हल गर्छौं भन्ने कुरामा सहमति दिएका थियौं ।

त्यसबेला जेनजी पक्षलाई राष्ट्रपतिसँग वार्ताको सहजीकरण गरिरहेको सेनो भूमिकाबारे पनि थुप्रै कुरा आएका छन् । राष्ट्रपतिकै राजीनामासम्म मागियो भन्ने कुरा पनि आए । मिडिया, नागरिक समाज र दलहरुले त्यसविरुद्ध आफ्नो लोकतान्त्रिक अभिमत जाहेर गरेको सर्वविदित छ ।

जेनजी र सबै सरोकारवालासँगको छलफलपछि सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्व दिने सहमति भयो । सुशीला कार्कीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेर फागुन २१ गतेलाई चुनाव तोकिएको छ । अब तोकिएको मितिमा चुनाव सम्पन्न गराउन सबैले सहयोग गर्नुपर्छ ।






### जनमत पार्टीले

## मुख्यमन्त्री सिंहलाई सोध्यो तीन दिने स्पष्टीकरण



टक नेपाल

जनमत पार्टीले मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई स्पष्टीकरण सोधेको छ।

पार्टीको निर्णय विपरीत गतिविधि गरेको भन्दै तीन दिनभित्र लिखित जवाफ पेस गर्न जनमत पार्टीको अनुशासन समितिले बिहीबार स्पष्टीकरण सोधेको हो।

पार्टीका केन्द्रीय उपाध्यक्ष एवम् केन्द्रीय अनुशासन समितिका संयोजक ई. नरेन्द्र प्रसाद चौधरीद्वारा सोधिएको स्पष्टीकरणमा भनिएको छ,'जनमत पार्टी मधेस प्रदेश संसदीय दलले प्रदेशको सरकारमाथि विश्वास नरहेको भनी जनमत पार्टी मधेस सरकारबाट बाहिरिने र मुख्यमन्त्रीसहित आफ्नो पार्टीका मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरी मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई सरकारबाट फिर्ता हुन निर्देशन दिएको र तपाईँ स्वयंले फेसबुकमार्फत राजीनामा दिएको हुँदा सोको अवहेलना भएको छ।'

मुख्यमन्त्री पदबाट राजीनामा नदिएको उल्टा अरू पार्टीहरूसँग साँठगाँठ गरी पार्टीको हित विपरीतका गतिविधिमा संलग्न भएको, पार्टीमा आघात हुने गरी कार्य गरेको, पार्टीको छविलाई आँच पुऱ्याएको आरोप लगाउँदै जनमत पार्टीको अनुशासन समितिले तीनभित्र स्पष्टीकरण पेस गर्न भनेको छ।

पत्रमा भनिएको छ, 'तपाईँलाई पार्टीको संसदीय दलको तर्फबाट प्रदेश सभा सदस्य तथा पार्टीको साधारण सदस्य समेत नरहने गरी किन कारबाही नहुनुपर्ने हो तीन दिनभित्र स्पष्टीकरण पेस गर्नु हुन अनुरोध छ।'

जेनजीको आन्दोलन सुरु भएपछि मुख्यमन्त्री सिंहले जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको निर्देशनमा फेसबुकमार्फत राजीनामा दिएका थिए। तर पछि आन्दोलन साम्य भएपछि उनी सो राजीनामाबाट पछाडि हटेका थिए।

संसदीय दलको निर्देशनलाई मुख्यमन्त्री सिंहले अटेरी गरेपछि जनमत पार्टीको अनुशासन समितिले स्पष्टीकरण सोधेको छ।

मधेस प्रदेशको संसदीय दलले आज साधारण सदस्य समेत नरहने गरी सिंहलाई कारबाहीका लागि केन्द्रमा सिफारिस गरेपछि पार्टीले सो स्पष्टीकरण सोधेको हो।

### वातावरण पत्रकारिता

## पुरुस्कारवाट पत्रकार बस्नेत सम्मानित

टक नेपाल




नेपाल वातावरण पत्रकार समूह (नेवापस)ले वातावरण पत्रकारिता पुरस्कारमा विशाल बस्नेतलाई सम्मानित गरेको छ।

बर्दिवासबाट प्रकाशित खबर दर्पण दैनिकका कार्यकारी सम्पादक तथा सौर्य राष्ट्रिय दैनिकका लागि महोत्तरीबाट वातावरण र दिगो विकासका विषयमा खोजमुलक समाचार लेख्दै आएका उनलाई ४० औ साधारणसभाको अवसरमा समूहले आज नगद र सम्मानपत्र प्रदान गरेको हो।

गत वर्ष (सन् २०२४मा) वातावरण र दिगो विकासका विषयमा पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनमा प्रकाशित-प्रसारित सामग्री र कार्यक्रमहरूबाट बस्नेत सर्वोत्कृष्ट चयन भएका थिए।

समूहले पत्रकारहरूलाई प्रोत्साहन गर्न विगत ४ दशकयता वातावरण पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ।

पुरस्कारका लागि समूहले पत्रकारहरूलाई सन् २०२४ भरिका आफ्ना लेख-रचना तथा कार्यक्रम समावेश गरी आवेदन दिन आह्वान गरेको थियो। समूहका पूर्व अध्यक्ष तीर्थ को इराला संयोजकत्वमा पूर्व महासचिव निमेष रेग्मी र विज्ञ सदस्य डा. विनोद भट्ट सम्मिलित ३ सदस्यीय निर्णायक मण्डलको सिफारिसका आधारमा बस्नेतलाई देशैभरीवाट पुरस्कार दिने निर्णय गरिएको थियो।

उनी समूहको पुरस्कार प्राप्त गर्ने ३८ औं पत्रकार हुन्।

यससँगै समूहले २०२४ का लागि प्रशंसनीय र उत्कृष्ट रिपोर्टिङ गरेका १० जना पत्रकारहरूलाई 'उत्कृष्ट रिपोर्टिङ-२०२४' प्रशंसा पत्र प्रदान गरेको छ।

सम्मानित हुनेहरुमा वसन्त ढुंगाना, ओम शाही, बालिका मादेन, वीरेन्द्र रमण, केशरराज क्षेत्री, युवराज कर्णेल, विकास आचार्य, अर्चना दर्जी (परियार), दुर्गा रानामगर र सागर परियार रहेका छन्।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014